

**के तपाईको घर पा( नीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ११३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २४ गते आइतबार ❑ 7 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## धम्की र घेराबन्दीको सामना गरिनेछ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २३ बैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासन कायम गर्ने आफ्नो अभियानमा जस्तासुकै दबाब, धम्की र घेराबन्दीको भए पनि सामना गरिने बताउनुभएको छ।

नेपाल दलित मुक्तिमोर्चाको छैटौं राष्ट्रिय सम्मेलनलाई आज यहाँ सम्बोधन गर्दै उहाँले सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रणमा कुनै कञ्जुस्याइँ नगरिने बताउनुभयो । उहाँले भन्नुभयो, "लामो समयदेखि गलत नीति, संस्कार, बेथिती, कार्यशैली र मुख्यतःभ्रष्टाचारका कारणले नै नेपालको स्थिति अहिले आर्थिक सङ्कटको स्थिति बनेको हो।" उहाँले सुशासन कायम गर्ने गम्भीर र पेचिलो लडाईं भएको उल्लेख गर्दै त्यसका लागि प्रारम्भिक कदम चालिएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुशासन कायम गर्ने भन्न जति सजिलो छ त्यो उति नै चुनौतीपूर्ण छ । सुशासन भन्नेबित्तिकै भ्रष्टाचार नियन्त्रण गर्ने कुरासँग सम्बन्धित छ ।" प्रधानमन्त्री दाहालले आफू सरकारको नेतृत्वमा आएको सुरुका दिनबाटै तीन वटा शब्दलाई सरकारको प्राथमिकताका रुपमा अगाडि बढाएको बताउनुभयो । उहाँले भन्नुभयो, "मैले पहिलो सामाजिक न्याय, दोस्रो सुशासन र तेस्रो समृद्धि सरकारको उच्च प्राथमिकतामा रहने छ भनेर भनेको थिएँ।" प्रतिगमनविरुद्धको आन्दोलनको स्मरण गर्नुहुँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "दुई/दुई पटक संसद् विघटन गरिएको थियो । त्यो संसद् विघटन थिएन, त्यो संविधान विघटन थियो । त्यो हजारौँको बलिदानबाट प्राप्त उपलब्धि उल्ट्याउने षडयन्त्र थियो । त्यसको केही समयपछि एकपटक हैन, तीन पटक काठमाडौँमा लाखौँ जनता आइसकेपछि उनीहरूका प्रतिगमनका षड्यन्त्र परास्त भए, नेपाली जनता फेरि विजयी भए, हामी फेरि विजयी भयौँ ।" प्रधानमन्त्री दाहालले राजनीतिक परिवर्तनमा दलित समुदाय अग्रमोर्चामा रहेर क्रान्तिलाई सफल बनाउन भूमिका खेलेका उल्लेख गर्दै भन्नुभयो, "हामीले आफ्नै मौलिकतामा क्रान्ति अगाडि बढाउँदै लगेका थियौँ। तर आज परिवर्तन उल्याउने कसरत भइरहेको छ । दलितको संवैधानिक अधिकारलाई उल्ट्याउने षड्यन्त्र भइरहेको छ । दलितलाई दिइने विशेष अधिकार उपल्लो वर्गले दिने दान होइन । दलित आफैँ लडेर ल्याएको अधिकार हो।"

कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का नेता महेश्वरजङ्ग गहतराज, गोपीबहादुर अछामी सार्कीलगायतले दलित तथा अल्पसङ्ख्यक समुदायको हितका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्ने धारणा राख्नुभएको थियो।

## सातौं पोखरा स्पोर्ट्स अवार्ड सम्पन्न

### वर्ष उत्कृष्ट खेलाडी करण र सावित्रा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड शनिबार पोखरामा भव्य रुपमा सम्पन्न भएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको अवार्ड अन्तरगतको वर्ष उत्कृष्ट खेलाडी पुरुष तर्फको पुरस्कार क्रिकेटका करण केसी र वर्ष उत्कृष्ट खेलाडी महिलातर्फको पुरस्कार फुटबलकी सावित्रा भण्डारीले हात पारेका छन् । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको अवार्ड कार्यक्रम अन्तरगत यो विधामा केसी सँगै आर्चरीका गंगाबहादुर कुँवर र टेनिसका प्रदिप खड्का मनोनयनमा परेका थिए। यसैगरी वर्ष उत्कृष्ट खेलाडी महिला तर्फ भण्डारीसँगै आर्चरीकी रोजीना थापा मगर, र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर परेका थिए।

अवार्ड अर्न्तगत उदीयमान खेलाडीतर्फ क्रिकेटका सुवास भण्डारी सवोत्कृष्ट ठहरिए । यो विधामा भण्डारीसँगै भलिवलका रवि केसी र फुटवलका सुमित श्रेष्ठ मनोनयनमा परेका थिए। वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङले बाजी मारें । यो विधामा गुरुङसँगै लनटेनिसका निरज थापा र आइटिएफ तेक्वान्दोका सुरज सुनार मनोनयनमा परेका थिए।

वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पारें।

वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी प्राप्त गरें । सबै विधामा उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिएको थियो । यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानीलाई प्रदान गरियो । मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिएको हो । वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड कास्की जिल्ला ह्यान्डबलसंघलाई प्रदान गरियो । वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड सागरराज तिमिल्सिनालाई दिइयो । वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी हात पारें।



उनीहरुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलला घिसिङ, मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, प्रतिनिधि सभा सदस्य विद्या भट्टराई, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोज कुमार गुरुङ, गण्डकी प्रदेशकी उपसभामुख विना कुमारी थापा, प्रदेश सभा सदस्य प्रकाश बराल, सरस्वती गुरुङ लगायतले अवार्ड हस्तान्तरण गरें।

अवार्ड वितरण गर्न मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीको संयोजकत्वमा छनोट समिति निर्माण गरिएको थियो। जसको सदस्यमा मञ्चका पूर्व अध्यक्ष विनोद लामिछाने, मञ्चका सदस्यहरु सागरराज तिमिल्सिना, रोहितराज पराजुली र विजय नेपाली सदस्य रहेका थिए। यसैगरी उत्कृष्ट खेल पत्रकार छनोट समितिको संयोजकमा मञ्चका पूर्व सल्लाहकार सन्देश श्रेष्ठ रहेका थिए। यो समितिको सदस्यमा पत्रकार महासंघ गण्डकी प्रदेश, पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी, मञ्चका पूर्व अध्यक्ष केशव पाठक, मञ्चका सदस्य उमेश पुन सदस्य रहेका थिए। दुवै समितिको पदेन सदस्यमा मञ्चका अध्यक्ष दीननाथ बराल रमहासचिव राजाराम पौडेल रहेका थिए।

यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा दुर्घटनामा परी गत असोज ३० गते निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापाको योगदानको कदर गर्दै कीर्तिशेष सम्मान गरियो।

पोखरा सभागृह हलमा आयोजना भएको अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा कमेडी च्याम्पियनबाट चर्चामा आएका स्याङजाका मेक्सम गौडेलको स्ट्यान्ड अप कमेडी प्रस्तुती, भेटियो सान्नानी सोल्टिबजारमा गीतबाट थप चर्चामा आएका लोक दोहोरी गायक निश्चल दवाडीको गायन प्रस्तुती, हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुती, डेमोस्ट्रेसन लगायत रहेको थियो । अवार्ड अन्तरगतको लाइफटाइम अचिभमेन्ट अवार्डको पुरस्कार सुपर मादी हाइड्रोपावर, उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गरेका थिए। अवार्ड कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारको विषेश सहयोग रहेको थियो । अवार्ड कार्यक्रमलाई सफल बनाउन मञ्चलाई अन्य विभिन्न क्षेत्रबाट

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सङ्कटबीच पनि अर्थतन्त्रमा आशाको किरण देखिएको छ : अध्यक्ष ढकाल

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको सङ्कटग्रस्त अर्थतन्त्रमा विस्तारै आशाको किरण देखिन थालेको बताउनुभएको छ।

बागलुङ उद्योग वाणिज्य सङ्घको ५९औँ वार्षिक साधारणसभामा आज उहाँले पछिल्लो समय विप्रेषण र पर्यटक आगमनमा उल्लेख्य वृद्धि आएको बताउनुभयो । "विप्रेषण २५ प्रतिशतले बढेको छ, बैंकको सिडी रेसियो पनि ८५/८६ प्रतिशत छ, ब्याजदर घट्दो क्रममा छ", उहाँले भन्नुभयो, "अर्थतन्त्रमा धेरै समस्या हुँदाहुँदै पनि केही सुधारका सङ्केत देखिँदैछन् ।" अध्यक्ष ढकालले शिथिल बनेको अर्थतन्त्र उकास्न सामूहिक प्रयत्नको खाँचो रहेको उल्लेख गर्नुभयो। "अर्थतन्त्र सङ्कटमा पर्नुमा कुनै एउटा पक्ष मात्र दोषी छैन, यसका बहुआयामिक कारण छन्", उहाँले भन्नुभयो, "यो अवस्थाबाट बाहिर निस्कन निजी क्षेत्र र सरकारले बलियो सहकार्य गर्नुपर्छ ।" अध्यक्ष ढकालले कोभिड-१९, रुस-युक्रेन युद्ध, नीति निर्माणमा भएका त्रुटिलगायतका कारणले आर्थिक क्षेत्रमा सङ्कट देखा परेको बताउनुभयो। उहाँले आफू महासङ्घको नेतृत्वमा आएको पहिलो दिनदेखि नै अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि पहल थालेको बताउनुभयो। "सरकारसँग लगातार संवाद भइरहेको छ, कसरी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पाँचबुँदे घोषणापत्र जारी गर्दै सकियो पोखरा ताल सम्मेलन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ बैशाख

ताल संरक्षण तथा विकास प्राधिकरण गण्डकी प्रदेशले पोखरामा आयोजना गरेको तीन दिनेतालसम्मेलनप्रतिबद्धतासहितकोपाँचबुँदे घोषणा जारी गर्दै सकिएको छ।

तीन दिनसम्म जारी सम्मेलनले पोखरा उपत्यकाको नौ तालको दिगो विकाससम्बन्धी जानकारी र दृष्टिकोण साझा गर्दै अनुसन्धानकर्ता, सरकारी नीति निर्माता, ताल व्यवस्थापन समितिका सदस्य र समुदायका सदस्यलाई एकै ठाउँमा ल्याएर कार्य गर्ने उद्देश्यअनुरुपमा विभिन्न विषयविज्ञको प्रस्तुतिबाट प्रतिबद्धतासहितको घोषणापत्र जारी गरेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत एवम कार्यक्रमका संयोजक डा कल्पनादेवी देवकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार सम्मेलनमा अनुसन्धानकर्ता, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि व्यवस्थापक कानुन व्यवसायी, पत्रकार तथा विद्यार्थी, व्यवस्थापन र तालसँग सम्बन्धित नीति र अवस्थाका बारेमा करिब २० वटा प्रस्तुति राखिएको थियो।

योसँगै पोखरास्थित विभिन्न पाँचवटा ताल भ्रमणसँगै त्यहाँका ताल प्रबन्धकबाट लक्ष्य चुनौती र सफलताका कथा बुझ्ने प्रयास गरिएको थियो । सम्मेलनबाट पहिचान गरी जारी गरिएको घोषणामा पोखरा उपत्यका तालको उच्च प्राकृतिक मूल्य, वनस्पति र जनावरको अधिक सङ्ख्या र पारिस्थितिकीय सेवाको महत्व, पोखरा उपत्यका अर्थतन्त्र र स्थानीय जनताको जीविकोपार्जनका लागि तालको महत्व, विगतका प्रयासको अघिल्लो दशकको तुलनामा तालको पारिस्थितिकीय अवस्थामा ह्रास आएको घोषणापत्रमा उल्लेख छ । साथै स्थानीय समुदायको आर्थिक आवश्यकता पूरा गर्दै पारिस्थितिकीय अवस्था कायम राख्न स्थानीय समुदाय, सरकारी अधिकारीहरु र प्राविधिक विज्ञबीच घनिभूत सहकार्य आवश्यकता रहेको तथा यी समुहहरु मध्ये एक पक्षसँग मात्र काललाई व्यवस्थापन गर्ने स्रोत ज्ञान वा क्षमता नभएको लगायतका विषयमा घोषणापत्रमा उल्लेख छ ।

योसँगै सम्मेलनबाट बुद्धिमतापूर्ण प्रयोगको सिद्धान्तका आधारमा पोखरा उपत्यकामा रहेका तालको संरक्षण गर्ने, तालको पुनःस्थापना र दिगो विकासको लागि स्रोत र ज्ञानहरु आदान-प्रदान गर्न जुटाउने र सम्बद्ध सरोकारवालाबीचको आपसी सहकार्यका आधारमा प्रभावकारीरुपमा कार्यान्वयन गर्दै जाने, पोखरा ताल मन्चलाई पोखरा उपत्यकामा रहेका तालको संरक्षण र दिगो विकासको लागि आवश्यक ज्ञान, अभ्यास, प्राविधिक विशेषता र आर्थिक स्रोत सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेको छ।

सम्मेलनमा वनविज्ञान अध्ययनसंस्थान पोखरा क्याम्पस, पोखरा तथा काठमाडौँ विश्व विद्यालयले पनि समन्वय गरेको थियो। सम्मेलनबाट पोखरा ताल मञ्च सञ्चालनका लागि पूर्ण कुँवरको संयोजकत्वमा मस्यौदा तयारी सात सदस्यीय कार्यदलसमेत बनाएको छ । सम्मेलनको समापन समारोहमा वन विज्ञान अध्ययन संस्थानका डिन प्राध्यापक वीरबहादुर खनाल, उद्योग पर्यटन तथा वातावरण मन्त्रालयका गण्डकी प्रदेका सचिव विशाल घिमिरे, ताल प्राधिकरणका उपाध्यक्ष नवराज ओझालगायतले सम्मेलनका सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सम्मेलनको उदघाटन सत्रमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्राकृतिक सम्पदा ताल तलैयाको संरक्षणसँगैत्यसलाईआयआर्जनको स्रोतको रुपमा विकास गरेर जीविकोपर्जनसँग जोडेर लैजानुपर्ने जोड दिनुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।



हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# एन प्याब्सन कास्कीको दुइ दिने शिक्षक प्रशिक्षण कार्यक्रम

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, २३ बैशाख

नेशलन प्याब्सन कास्कीको आयोजनामा दुई दिने शिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

दुई दिनको प्रशिक्षण कार्यक्रममा एन प्याब्सनमा आवद्ध विद्यालयका करिव ६ सय ५० जना शिक्षक शिक्षिका सहभागिता रहेको थियो । तालिममा कक्षा १ देखि १० सम्मका विषयगत शिक्षक शिक्षिकाको सहभागिता रहेको थियो । नयाँ पाठ्यक्रमको वारेमा सहजिकरणसँगै शिक्षण पद्धती र मुल्याय्न पद्धतीका विषयमा रहेर तालिमको आयोजना गरिएको एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले जानकारी दिए । गणित, अंग्रेजी, विज्ञान, समाजिक र नेपाली विषयका शिक्षक शिक्षिकालाई तालिम



दिइएको कार्यक्रम संयोजक सञ्जय पौडेलले जानकारी दिए । तालिममा प्रा.डा. लक्ष्मण ज्ञावली, नारायण खतिवडा, नवराज पाठक, युवराज गौतम, एम.एस साउद, प्रा.डा. रमेश भट्टराइ, तारानाथ बराल, जयप्रकाश श्रीवास्तवले सहजिकरण गरेका थिए । कार्यक्रममा बोल्दै एन प्याब्सनका केन्द्रीय उपाध्यक्ष यामबहादुर खड्काले तालिमले शिक्षण पद्धतीमा परिवर्तन आउने विश्वास व्यक्त गरे । एन प्याब्सन गण्डकीका अध्यक्ष रामबहादुर मोचीले हरेक विद्यार्थीमा फरक फरक क्षमता हुने भएकोले एउटै पद्धतीको सिकाइले विद्यार्थीमो क्षमता अभिवृद्धी गर्न नसकिने बताए । एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रा.डा.रमेश भट्टराई, शिक्षक विष्णुहरी पौडेल, एन प्याब्सन कास्कीका सचिव मनकाजी गुरुङले बोलेका थिए ।

## सातौं...

सहयोग प्राप्त भएको मञ्चले जनाएको छ । यसरी सहयोग गर्नेमा पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड्भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड, टेल्जि नेपाल, तमु धिं युके, मझेरी रिर्सोट एण्ड स्पा, सहारा युके, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ, मञ्चका पूर्व अक्ष्यक्ष प्रेमनारायण न्यौपाने, सञ्चारकर्मी गोविन्द थापा सिञ्जाली रहेका छन् । नेपाल औषधी व्यसायी संघ कास्की, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, बतास अर्गनाइजेसन, नेपाल मुआथाई संघ गण्डकी, बिजी ट्रेड लिंक, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, नेपाल हवाई खेलकुद संस्था, सहारा हङकङ, क्लासिक चुलो, वल्ड लिंक, होटल बाराही, फुडमाण्डु, पोखरा महानगरपालिका वडा नं.३, ४, ९, १२ र १५, पश्चिमाञ्चल सामुदायिक अस्पताल, रुपाकोट सुनचाँदी पसल, हाम्रो पोखरा सोफा होम, ओम बुद्ध नर्सरी कर्मचार्य ग्रुपको कोसेली तेल, सिर्जना विकास केन्द्र, नेपाल टेलिकम पोखरा, नेपाल आयल मिल, बुमराङ रेष्टुरेन्ट, टेनिस संघ, पोखरा उद्योग वाणिज्य संघ, अटोवेज प्रालि, एसके साउण्ड एण्ड म्युजिक पोखरा, युनाइटेड क्लब, यति एयरलाइन्स, आँगन स्विट न्युरोड, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिकाल बगर भाइखल लगायतले सघाए । अवार्ड कार्यक्रमको पब्लिक फोर के टेलिभिजनबाट प्रत्यक्ष प्रसारण भएको थियो । मञ्चका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङ, मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ र महासचिव राजाराम पौडेलले बोलका थिए । मञ्चले २०७२ सालदेखि निरन्तर अवार्ड कार्यक्रको आयोजना गर्दै आएको छ ।

# यार्सा टिप्न हिंडेका तीन जना बेपत्ता

**रासस**
मुगु, २३ बैशाख

हिमपहिरोमा परी जुम्लाका तीन व्यक्ति बेपत्ता भएका छन् । जुम्लाको पातारासी गाउँपालिका वडा नं २ तल्फी गाउँका तारासिंह सार्की, पुन्न सार्की र वीर बोहोरा बेपत्तामा भएको पातारासी गाउँपालिकाका अध्यक्ष पुन्न सिंह बोहोराले जानकारी दिनुभयो ।

पन्ध्र जनाको टोली बनाई मुगुको पाटनमा यार्सा टिप्न गएकामध्ये उहाँहरु मुगु कार्मारोङ्ग गाउँपालिका-२ च्यार्खु लेकमा आज बेपत्ता भएको अध्यक्ष बोहोराले बताउनुभयो ।

"दिउँसो खबर आएसँगै इलाका प्रहरीचौकी मुगुबाट प्रहरीको टोली घटनास्थलतर्फ गइसकेकाले के कसरी घटना भयो ? हिउँपहिराका कारण हो कि अन्य कारण हो ? बेपत्ताको अवस्था के छ ? प्रहरी पुगेमात्र आधिकारिक जानकारी आउनेछ", जिल्ला प्रहरी कार्यालय मुगुका निमित्त प्रहरी नायब उपरीक्षक सुदर्शन पन्थीले भन्नुभयो । मुगुका पाटनमा यार्सागुम्बा सङ्कलनका लागि गाउँपालिकाले जेठ ४ गतेदेखि प्रवेश अनुमति खुला गर्ने सूचना गरे पनि यो सूचनालाई छलेर अहिले सयौँ व्यक्ति अर्कै बाटो हुँदै मुगुको पाटनमा पुगेका छन् । बेपत्ता भएका तीन जनासहितको टोली पनि अर्कै बाटो भएर पाटनमा पुगेको थिए ।

# संस्कृति जोगाउँदै समाज घर

**पोखरापत्र संवाददाता**
अन्नपूर्ण, २३ बैशाख

विभिन्न अवसर र सुविधाको खोजीमा गाउँ छाडी सहर पस्ने धेरै लछन् । गाउँमा भएको सबैथोक त्यागेर सहर पस्नेले गाउँको संस्कार, संस्कृति, भाषा भने लिएर आएका हुन्छन् । सहरमा उनीहरु त्यसलाई सहरमा देखाउन चाहन्छन् । यसका लागि गतिलो माध्यम बनेको छ, 'समाज घर' । विभिन्न गाउँबाट पोखरा झरेकाहरुले यहाँ आ-आफ्नो सहरमा समाज घर बनाएका छन् । यस्ता समाजघरमार्फत संस्कार, संस्कृति, भाषा जोगाउन ध्यान दिइएको पाइन्छ ।

हिजो बुद्ध पूर्णिमाका दिन पोखराका गुरुङ समाजघरमा घाटु नृत्यदेखाइयो।पोखरामहानगरपालिका-१४ काजीपोखरीस्थित पोंचोकों तमु परिवार पोखरामा पनि दिनभर घाटु नाच प्रस्तुत भयो । समाजघरमा घाटुसरीहरु दिनभर व्यस्त हुनुभयो। टाउकोमा लाया (घाटुका लागि धानको लाभाबाट बनाएको टोपी) र बिर्कोट (लायालाई अड्याउन बनाइएको कपडा) लगाएका बालिका निदाएकै आभाषमा गुरुबाको स्वरसँगै हाउभाउ मिलाएका देखिन्थे । यहाँ शुक्रबारदेखि सुरु भएको नाच पाँच दिनसम्म चल्छ ।

लमजुङको घनपोखरा र उत्तरगङ्गा घर भएका गुरुङ समुदाय पोखरा घाटु नृत्य जोगाउन विसं २०६२ देखि नै तल्लीन छन् । श्रीपञ्चमीदेखि सुरु घाटु वैशाख पूर्णिमा अर्थात् बुद्धजयन्तीका समयमा सक्ने (सेलाउने) पोंचोकों तमु परिवार पोखराका अध्यक्ष राजकुमार गुरुङले जानकारी दिनुभयो। "पोखरा बस्ने घनपोखरा र उत्तरगङ्गाका स्थानीयहरु २०६२ सालदेखि नै खटिएका छौँ", अध्यक्ष राजकुमारले भन्नुभयो, "हामीले सुरु गरेपछि अन्य समाजघरले पनि सुरु गर्नुभएको छ । समाजघरको माध्यमबाट पोखरामा घाटु देखाउने सम्भवतः हामी पहिलो हौँ ।" नयाँ घाटुसरी (घाटु नाच्ने बालिका) छनोट गर्ने बेला रजस्वला नभएका, घाउचोट नलागेका र कपालसमेत नकाटेका बालिकालाई राखेर गीत गाउने प्रचलन रहेको पूर्वघाटुसरी बिनकुमारी गुरुङले बताउनुभयो ।

जुन बालिकालाई घाटुले 'छोप्छ', तीमध्ये दुईजनालाई घाटुसरीका लागि छानेर श्रीपञ्चमीदेखि बुद्धपूर्णिमासम्म अभ्यास गराइने बिनकुमारीले सुनाउनुभयो । उमेरले ६२ वर्ष लाग्नुभएका बिनकुमारीले घाटु जोगाउन पोंचोकों तमु परिवारमा सुरुदेखि नै लागिपरेको बताउनुभयो। "हाम्रो संस्कृति हराएर जान्छकि भन्ने साह्रै चिन्ता लाग्छ", बिनकुमारीले भन्नुभयो, "सुरुमा हामी पहिलेदेखि नै नाच्नेहरु नाच्यौ, अहिले निशा गुरुङ र शीतल गुरुङलाई तयार गरेका छौँ ।" निशा र शीतललाई घाटुसरी बनाउन निकै सङ्घर्ष गर्नुपरेको बिनकुमारीले बताउनुभयो । अहिलेको युवती नाच्न रुचि नगर्ने कारण घाटुसरी पाउनै समस्या रहेको उनले सुनाइन् । "घाटुरसीहरु पाउनै गाह्रो छ । अनि यिनीहरुलाई माग्न जाँदा बुहारी माग्न जाँदा जस्तै हो", उहाँले भन्नुभयो, "नाच्ने जस्तो लागेपछि फलफूल र रक्सी लिएर तपाईंको छोरी हामीलाई घाटुसरी बनाउन दिनुस् भनेर माग्नुपर्छ अनि लौ ठीकै छ लैजानुस् भनेर दिएपछि ल्याउने हो ।" बाह्रमासे, कुसुण्डा र सती गरी तीन प्रकारका घाटुमध्ये यहाँ देखाइको बाह्रमासे घाटु हो । यसमा दुई बालिकामध्ये एकलाई राजा र एकलाई रानीको भेषमा सजाएर वनमा सिकार, राजारानीको विवाह, प्रेम, पुत्रलाभ, युद्धमा राजाको मृत्यु र रानी सती गएको प्रसङ्ग गीतमार्फत प्रस्तुत गरिन्छ । नाच सुरु हुने अघिल्लो दिन राति सामूहिक दर खाएपछि उपवास बस्ने चलन रहेको घाटुका गुरुबा जीवराम गुरुङले बताउनुभयो । गाउने-बजाउने, नाच्ने गुरु, सुसारे र घाटुसरी भोलिपल्ट दिनभर फलफूल मात्र खान्छन् । "घाटुमा ठूलो शक्ति हुन्छ, त्यसैले यसलाई हामी जुनसुकै बेला गाउने, बजाउने र नाच्ने गर्दैनौँ", जीवरामले भन्नुभयो । तर, यो विशिष्ट परम्परामा युवाहरूको रुचि घट्दै जानु चिन्ताको विषय भएको उहाँ बताउनुहुन्छ । बाह्रमासे घाटु विशेषगरी तीन वर्षसम्म नाचिन्छ । नयाँ घाटुसरीहरु तीन वर्षसम्म नाचेर सेलाएपछि ती घाटुसरीहरु अरू ठाउँमा नाच्न पाउने जीवरामले बताउनुभयो ।

"नयाँ घाटुहरु आएपछि तीन वर्षसम्म नचाउनुपर्छ अनि सेलाइन्छ, अहिले नाचेका शीतल र निसाको यो वर्ष सेलाउने हो", उहाँले भन्नुभयो, "अब केही वर्ष उनीहरुले नै धान्छन् अनि नयाँ खोज्नुपर्ला तर नाच्न इच्छा गर्ने भेट्नै गाह्रो छ ।" गाउने गुरुबाहरु पनि तयार गर्न समस्या भएको उहाँको भनाइ थियो । नयाँ पुस्ताहरुले घाटुमा वास्तै नगरेका कारण अबको पुस्ताले के गर्छ भन्ने गुरुङको चिन्ता छ ।

बाह्रमासे घाटुमा नाच्ने घाटुसरीले लगाउने बिर्कोट पनि पाउन गाह्रो रहेको जीवरामले सुनाउनुभयो । "अहिले उनीहरुले लगाएको बिर्कोट पनि गुरुहरुले पञ्चासेतिरबाट खोजेर ल्याउनु भएको रहेछ", जीवरामले भन्नुभयो, "जस्तो पायो उस्तै धागोको बनाएर हुँदैन । यो बनाउने छुट्टै तरिका छ । अब नयाँ घाटुसरी तयार गर्दा बिर्कोट कताबाट ल्याउने भन्ने चिन्ता छ ।"

घाटु नाच सुरु हुनुभन्दाअघि गुरुले पूजा गरेपछि राजा घाटुसरीलाई रातो र रानीलाई कालो बिर्कोट दिइन्छ । गुरुबाहरुले पूजा गरेर दिइने बिर्कोटमा विशेष शक्ति हुने जीवरालेले जानकारी दिनुभयो । विर्कोट लगाएपछि घाटुसरीलाई देवता चढ्ने विश्वास छ ।

## सङ्कटबीच...

अर्थतन्त्रलाई गति दिन सकिन्छ भनेर हामी लागिपरेका छौँ", उहाँले भन्नुभयो, "सरकार, नियमनकारी या कुनै संस्थालाई मात्र दोष दिएर पनि हुँदैन, सबै मिलेर सङ्कटको समाधानतिर लाग्नुपर्छ ।" निराशा मात्र बाँडेर नहुने भन्दै सकारात्मक कुराको प्रसार गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले निजी क्षेत्र र सरकारले एक अर्कालाई हेर्ने दृष्टिकोण पनि बदल्नुपर्ने धारणा राख्नुभयो । अध्यक्ष ढकालले राज्य सञ्चालनको ठूलो हिस्सा ओगटेको निजी क्षेत्रलाई गृहमन्त्रालयको मयार्दाक्रमसमेत उपेक्षा गरिएको बताउनुभयो । अर्थतन्त्रको सुधार, लगानी वृद्धि, रोजगारी सिर्जनालगायतका क्षेत्रमा महासङ्घले अगुवाइ गर्ने उहाँको भनाइ छ । विभिन्न कार्यक्रममा भाग लिन गृह जिल्ला बागलुङ आउनुभएका अध्यक्ष ढकाललाई बागलुङ उद्योग वाणिज्य सङ्घ, बागलुङ नगरपालिकालगायतका सङ्घसंस्थाले सम्मान गरेका थिए ।

# पानीले फेरिएको दैनिकी

**पोखरापत्र संवाददाता**
वालिङ, २३ बैशाख

बिहानै उठेर पानीका मुहान धाउनुपर्ने बाध्यता झेल्दै आएका गाउँलेको घरमै पानीको धारा आएपछि दैनिकी फेरिएको छ । लामो समय काँध र पिठ्युमा पानी बोकेर जोहो गर्दै आएका स्याङ्जाको चापाकोट-१ वीरडाँडा, मैदान, पल्लीगाउँ र रिपका गाउँलेले झेल्दै आएको समस्या हटेको छ ।

जब घर-घरमै एक घर-एक धारा अभियानअन्तर्गत खानेपानी आइपुग्यो तब यहाँका गाउँलेको दैनिकी फेरिएको छ । बिहानै उठेर कुवामा पानी भर्न जानुहुने स्थानीय जूना सिञ्जालीजस्तै धेरै महिला दिदीबहिनी, दाजुभाइले एक गाग्री पानीका लागि लामो समय तथा परिश्रम गर्नुपर्ने बाध्यता रहेको थियो । "खानेपानीकै ठूलो समस्या थियो बस्तुभाउ र सिँचाइका लागि त कुरै छाडौँ", सिञ्जालीले भन्नुभयो, "अहिले गाउँका सबै घरमा खानेपानीको धारामार्फत निरन्तर पानी आउछ, धेरै राहत भएको छ ।" गाउँमा खानेपानी समस्या भएपछि करिब छ वर्षअघिदेखि योजनाको काम थालिएको वीरडाँडा-मैदान खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहन रानाले बताउनुभयो।

वीरडाँडा, मैदान, पल्ली गाउँ र रिपका गरी ६५ घरधुरीमा एक घर-एक धारा निर्माण गरी खानेपानी वितरण गरिएको अध्यक्ष रानाले बताउनुभयो। मूलदेखि एकसय १७ मिटर 'भर्टिकल' उचाइमा विद्युत् मार्फत पानी तानेर पल्ली गाउँ तथा वीरडाँडामा निर्माण गरिएका ट्याङ्कीबाट घर-घरमा पानी पुऱ्याइएको हो । "गाउँमा भएका कुँवाबाट पानी खानुपर्थ्यो, सफा हुँदैनथ्यो, त्यही पनि फागुनदेखि जेठसम्म पानी पुग्थेन", अध्यक्ष रानाले भन्नुभयो, "मान्छेलाई खानसमेत पानी कहिले पाइन्थ्यो कहिले पाइन्नथ्यो, राति धेरै नसुतेरै पानीको जोहो गर्न जानुपर्थ्यो ।"

पशु चौपायालाई खोलामा लगेर पानी खुवाउनुपर्ने बाध्यता थियो । घर-घरमै मिटर जडान गरेर २४ सैं घन्टा पानी वितरण गरिएको छ । न्यूनतम युनिटसम्म रु एकसय प्रतिघर उठाउने र न्यूनतमभन्दा माथि पानी प्रयोग गर्नेलाई प्रतियुनिट रु दशका दरले थप गर्दै लगिने अध्यक्ष रानाले बताउनुभयो ।

गण्डकी प्रदेश सरकारको रु ९१ लाख २० हजार, स्थानीय जनश्रमदान रु दश लाख १० हजार गरी कूल रु एक करोड एक लाख ३० हजारमा निर्माण सम्पन्न भएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाका प्रमुख हरिप्रसाद तिमिल्सिनाले बताउनुभयो ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# अर्थमन्त्रीलाई अनुभवीका सुझाव

सरकारले संघीय संसदको वर्षे अधिवेशन आव्हान गरेको छ । बजेट अधिवेशनको रुपमा चिनिने वर्षे अधिवेशन बैशाख २४ गतेदेखि शुरु हुँदैछ। अधिवेशनमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुनेछ। सरकारको नीति तथा कार्यक्रम अनुसारको बजेट आउने गरेको छैन। कार्यक्रम घोषणा गरे मात्र हुन्छ। कार्यान्वयन गर्ने भनेको बजेटमा के व्यवस्था गरिन्छ त्यो महत्त्वपूर्ण हुन्छ। अहिले आर्थिक सुचक राम्रो नहुँदा बजेट बनाउँदा यथार्थपरक हुनुपर्छ । बजेट बनाउँदा अनुभवी अर्थमन्त्रीको सुझाव लिने गरिन्छ। अहिलेको अवस्था देशको अर्थतन्त्रलाई सहि बाटोमा ल्याउन ईमानदार प्रयासको खाँचो छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तयारीका लागि पूर्वअर्थमन्त्रीहरूसँग छलफल गरेका छन् । पूर्वअर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनी, ज्ञानेन्द्रबहादुर कार्की, विष्णुप्रसाद पौडेल, सुरेन्द्र पाण्डे र डा. युवराज खतिवडासँग आगामी आर्थिक वर्षको बजेटबारे सुझाव लिएका छनायाँ अर्थमन्त्रीले पुरानासंग सुझाव लिने परम्परालाई निरन्तरता दिनुलाई सकारात्मक मान्नुपर्छ।

छलफलमा पूर्वअर्थमन्त्रीहरूले व्यावहारिक बजेट तयार गर्न, खर्च कटौतीमा निर्मम बन्न र अनावश्यक दायित्व थपिने गरी नयाँ आयोजना थप नगर्न सुझाव दिएका छन्। अहिलेको अर्थतन्त्र सुधारका लागि वित्त नीति कसिलो र मौद्रिक नीति केही खुकुलो बनाउनुपर्ने सुझाव पूर्वअर्थमन्त्रीहरूले दिएका छन्। निजी क्षेत्रलगायत सबैतिर निराशाको अवस्था रहेकाले तत्कालको प्रयास आत्मविश्वास जगाउनु रहेको सुझाव पनि उनीहरूबाट आएको छ । सामाजिक सुरक्षाका विषयमा सबै राजनीतिक दलमा समान धारणा बन्नुपर्ने विषयमा पनि पूर्वअर्थमन्त्रीहरूले जोड दिएका छन् । अनावश्यक सल्लाहकार र समिति गठन गरेर करको दुरुपयोग हुने गरेको छाराष्ट्रपति देखि वडा सदस्य सम्मको सुविधा घटाएर जनतालाई सकारात्मक सन्देश प्रवाह गर्नु अहिलेको माग हो।

राज्यले भार बोक्न नसक्ने अवस्थाका आयोजनामा निजी क्षेत्रको सहयोग लिन सकिन्छ। अहिले मौद्रिक नीति खुकुलो गर्न सकिन्छ। तर वित्त नीति कसिलो हुनुपर्छ।" पूर्व अर्थमन्त्रीहरूसँग सुझाव लिएपछि अर्थमन्त्री डा महतले लक्ष्यको तुलनामा कम राजस्व उठेको अवस्थामा खर्च कटौती गर्ने, प्राथमिकता प्राप्त आयोजनालाई मात्र बजेट छुट्याउने र निजी क्षेत्रको आत्मविश्वास बढाउन आफू लागिपरेको दावी छ। प्रतिफल नदिने आयोजनामा लगानी नगर्ने र तोकिएको समयमै सम्पन्न हुने, कार्यान्वयन तुरुन्तै गर्न सकिने पूर्वाधार आयोजनालाई प्राथमिकता दिने प्रतिबद्धता जनाएका छन। छलफलका क्रममा अर्थमन्त्री डा. महतले अहिलेको जटिल अवस्थालाई सम्बोधन गर्ने गरी बजेट तयार गर्न आफू प्रयासरत रहेको र यसका लागि सबैबाट सहयोग मिल्ने आशा राखेका छन। उनको प्रतिबद्धता बजेटमा देखिन सकेमा यथार्थपरक हुनेछ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# चितुवा नियन्त्रणमा लिन खोर

पोखरापत्र संवाददाता
तनहुँ, २३ वैशाख

डिभिजन वन कार्यालय तनहुँले चितुवा आतङ्क बढ्न थालेपछि चितुवा नियन्त्रणको लागि बनाएको (खोर) पासो प्रभावकारी बन्दै गएको छ ।

फलाम र परम्परागततरुपमा काठको खोर पासोको रुपमा राख्ने गरिएको हो । चितुवा आक्रमणबाट प्रभावित १८ स्थानमा पासो राखिएको डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले जानकारी दिनुभयो ।

चितुवाले जनमानसमा त्रास बढाएकोले यसको नियन्त्रण गरी सुरक्षित किसिमले वन्यजन्तु संरक्षण क्षेत्रमा पठाउन पासो थाप्ने काम गरिएको उहाँले बताउनुभयो । एक पटक आक्रमण भएको ठाउँमा चितुवाले पुनः पटक-पटक आक्रमण गर्ने सम्भावना बढी हुने भएकाले यसलाई नियन्त्रणमा लिन सोही ठाउँ आसपासमा पासो राख्ने गरिएको उहाँले बताउनुभयो ।

पानीको पोखरी बनाएपछि विगतको तुलनामा वन्यजन्तुबाट मानवीय क्षतिमा कमी आएको बताइएको छ । खोला खोल्सीका पानी बस्तीमा लैजाँदा प्यास मेटाउन वन्यजन्तु बस्तीमा पस्दा मानवीय क्षति हुने गरेकाले पोखरी निर्माणलाई प्राथमिकता दिइएको हो । चितुवाको आक्रमणमा परी छ वर्षमा तनहुँमा १४ बालबालिकाको मृत्यु र १७ जना चितुवाको आक्रमणबाट घाइते भए । जिल्लाको भानु, बन्दीपुर, आँबुखैरेनी, व्यासलगायतका पालिकामा चितुवाले सताएको थियो ।

चितुवाबाट भानु नगरपालिका धेरै प्रभावित बनेकोमा अहिले बन्दीपुर गाउँपालिकामा त्रास बढेको छ। जिल्लाका विभिन्न स्थानमा भएको चितुवा आक्रमणमा परी दश बालक र चार बालिकाको मृत्यु भएको वन कार्यालय तनहुँका सहायक वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

# आयस्रोत जुटाउँदै गुरुकुल

रासस
तनहुँ, २३ वैशाख

तनहुँको देवघाट गाउँपालिका-५ देवघाटधाममा सञ्चालित गुरुकुल आत्मनिर्भर बन्ने प्रयासमा जुटेको छ। महेश सन्यास आश्रमद्वारा सञ्चालित महेश संस्कृत गुरुकुल आत्मनिर्भर बन्ने उद्देश्यले आयस्रोत जुटाउन लागिपरेको हो।

आश्रमद्वारा सञ्चालित महेश संस्कृत गुरुकुल, महेश गुरुकुल संस्कृत विद्यापीठ र रामानन्द अनुसन्धान केन्द्र रहेका छन् । विशेषगरी वटुकलाई धर्म, संस्कृति र संस्कार सहितका शिक्षा दिने उद्देश्यले सञ्चालित गुरुकुलले वटुकको पठनपाठनलाई सहज बनाउन दीर्घकालीन आयआर्जन गर्न लागेको आश्रमका व्यवस्थापक सन्तोष गिरीले जानकारी दिनुभयो । संस्कृत गुरुकुल दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने उद्देश्यले पुस्तक प्रकाशन गर्न थालिएको उहाँले बताउनुभयो। "आर्थिक पक्षलाई दीर्घकालीन आम्दानीको स्रोत स्थापना गर्ने उद्देश्यले पाठ्यपुस्तक प्रकाशनको प्रयास गरेका छौं, संस्कृतका पुस्तक अल्पसङ्ख्यक रूपमा प्रकाशित हुन्छन्, यसले दीर्घकालीन आयस्रोत निर्धारण गरेका छौं", व्यवस्थापक गिरीले भन्नुभयो। संस्कृत गुरुकुलमा पठनपाठन हुने पुस्तक, संस्कृतका दर्शनका पुस्तक प्रकाशन गरिएको उहाँले बताउनुभयो। आश्रमले हालसम्म संस्कृत पाठ्यपुस्तकसहित ३०/३५ पुस्तक प्रकाशन गरिसकिएको र यसले आयस्रोतको बाटो निर्धारण भएको गिरीले बताउनुभयो । पुस्तक प्रकाशनले थोरै भए पनि आम्दानीको आयआर्जन गर्न थालेको उहाँले बताउनुभयो।

"पाठ्यपुस्तक, संस्कृत दर्शनका पुस्तक प्रकाशनका क्रममा वटुकलाई नै टाइप, सम्पादन, सच्याउने, कम्प्युटर सेटिङ गर्न सिकाउछौं, यहाँ अध्यापनरत गुरु, महाराजद्वारा लिखित पुस्तक वटुकले टाइप, सम्पादन, सच्याउने, कम्प्युटरमा सेटिङ गर्ने कार्य गर्छन्, यसले वटुकको व्यक्तित्व विकास हुन्छ र पुस्तक प्रकाशनमा संस्थालाई व्ययभार कम हुने गर्दछ", उहाँले भन्नुभयो।

वटुकको व्यक्तित्व विकाससँगै संस्थालाई पुस्तक प्रकाशनमा व्ययभार कम हुने गरेको उहाँले बताउनुभयो । आश्रमद्वारा प्रकाशित पाठ्यपुस्तक मुलुकभरका अधिकांश गुरुकुलमा पुगेको उहाँले बताउनुभयो । "बजारमा बिक्रीकालागिपठाउनसकिएको छैन, मुलुकका गुरुकुलमा अध्यापनका लागि भने पुस्तक पठाउन थालेका छौं, प्रचारप्रसारकै क्रममा रहेका छौं", व्यवस्थापक गिरीले भन्नुभयो।

पोखराको नदीपुरस्थित महर्षि वैदिक गुरुकुल, काठमाडौंको नैनीसाङ्गी गुरुकुल, बुटवलको दुर्गा गुरुकुल, देवघाटधामका अन्य गुरुकुल र अन्य कन्या गुरुकुलमा आश्रमद्वारा प्रकाशित पाठ्यपुस्तक पठाउने गरिएको उहाँले बताउनुभयो। सरकारले संस्कृतका लागि सञ्चालित गुरुकुल संरक्षण गर्ने र स्रोतसाधन जुटाइदिने वातावरण गरिदिए सुरक्षित गर्न सकिने आश्रमको अपेक्षा छ।

देवघाटधामका गुरुकुल तरकारी र दूध उत्पादनमा आत्मनिर्भर रहेका छन्। हरिहर संस्कृत गुरुकुलले धानखेतीसमेत गर्न थालेको छ। वटुकले खेती गरी खाद्यान्नमा आत्मनिर्भर गर्नतर्फ लागिरहेका छन्। आफैं उत्पादनमा जुटेपछि खाद्यान्न सहयोगका लागि अपिल गर्नुपर्ने अवस्थाको अन्त्य हुने आश्रमले जनाएको छ।

# युरेस राखीको साधारण सभा

ललित अधिकारी/ तुलसी धमला
पोखरा, २३ बैशाख



पोखरा २६ मा रहेको युवा रेडक्रस सर्कल को २०औं साधारण सभा शनिबार सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि तथा ने रे सो कास्की शाखाका कोषाध्यक्ष सन्तोष अधिकारिले रेडक्रस एक मानविय सेवामा निरन्तर लागिरहने संस्था हो यसको कुनै जात लिङ्ग हुँदैन् विपत परेको बेलामा यसले तत्काल आफुलाइ उद्दार कार्यमा सकृय रहन्छ। उनले बताए

राखि युवा रेडक्रस सर्कलका अध्यक्ष विकास रानाभाटको अध्यक्ष तामा सम्पन्न कार्यक्रममा बिशिस्ट अतिथि पोखरा २६ का जनप्रतिनिधि तिर्थ बहादुर राजभाट, राखि उपशाखाका निबर्तमान सभापति चन्दबहादुर रानाभाट, उपशाखाका सचिब एवं संरक्षक महेन्द्र ढुङ्गाना, शिलिङ्गे सहकारिका अध्यक्ष ठाकुर रानाभाट, समाजसेवि सुर्य प्रकाश ढुङ्गाना, युवा सर्कलका निबर्तमान अध्यक्ष सन्दिप ढुङ्गाना, सल्लाहकार ई सागरमोहन भट्टराई, लगायतले कार्यक्रम माथि धारणा राखेका थिए, कार्यक्रममा सचिब तृप्ति भण्डारीले प्रगति प्रतिबेदन , कोषाध्यक्ष सुशील ढुङ्गानाले आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए भने कार्यक्रममा स्वागत मन्तब्य उपाध्यक्ष सुर्यचन्द्र राजभाटले तथा सञ्चालन तृप्ति भण्डारीले गरेकि थिईन । सोहि कार्यक्रममा सहभागीलाई शेयर बजार र बिमा सम्बन्धि तालिम युनियन लाईफ ईन्स्योरेन्स र भिजन सेक्युरिटी स्टक ब्रोकर नम्बर ३४को प्राबिधिक सहयोग मा करिब ५० जना सहभागीलाई अभिमुखि करण पनि राखिएको थियो।

# निस्कोट बराह तालको जैविक विविधता नासिँदै

पोखरापत्र संवाददाता
म्याग्दी, २३ बैशाख

म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोट गाउँको शिरानमा रहेको बराह तालको जैविक विविधता नास हुँदै गएको छ।

चराले सफा गर्ने यो तालमा पछिल्लो समय यातायातका साधनको पहुँचसँगै मानिसको भीडभाड बढेपछि यहाँ पाइने चरा बसाई सरेर अन्यत्र गएका स्थानीयले बताएका छन् । गाउँको सिरानमा र जङ्गलको पुछारमा रहेको यो ताल कहिल्यै पनि फोहर हुँदैन । यहाँ जङ्गलका पात पतिङ्गर परिहाले भने पनि पन्छीले चुच्चोले टिपेर बाहिर फ्याँकने गर्दथे तर पछिल्लो समय यहाँका रैथाने चरा देखिन छोडेका र ताल सफा गर्ने चरा पनि कम हुँदै गएका स्थानीय टेकबहादुर पुनले बताउनुभयो । निस्कोट गाउँमा पुगेपछि घना वनजङ्गलको बीच भाग र केही मानव बस्ती रहेको ठाउँमा ताल हेर्न पाइन्छ। झण्डै दुई रोपनीमा फैलिएको तालको जैविक विविधता संरक्षणमा स्थानीय तहको ध्यान जान आवश्यक रहेको ताल अवलोकनमा आउनुभएका पोखराका धनमणि अर्मजाले बताउनुभयो । रोमाञ्चक भू-बनोट, हरियाली र विविधताले युक्त सुन्दर गाउँ, मनमोहक प्रकृति र यही प्रकृतिको सेरोफेरोमा रहेको चित्ताकर्षक बराह तालमा पछिल्लो समय आन्तरिक पर्यटकको भीड लाग्ने गरेको छ। समुद्री सतहदेखि दुई हजार तीन सय मिटर उचाइमा अवस्थित ताल र आसपासबाट मनोरम हिमशृङ्खला देखिन्छन्। तालमा वन जङ्गल र हिमाल देखिने प्रतिबिम्ब (छायाँ) समेत आकर्षकरूपमा देखिने निस्कोटका स्थानीय रमेश पुनले बताउनुभयो।

पातपतिङ्गर परेमा चराले सफा गर्ने गरेको मालिका गाउँपालिका-१ का वडाध्यक्ष टङ्कप्रसाद पुनले बताउनुभयो । छिमेकी जिल्ला बागलुङको ताराखोला जोड्ने पदमार्गमा पर्ने पर्यटकीय महत्वको तालको आवश्यक प्रचारप्रसार गर्नुपर्ने स्थानीयको भनाइ छ । मगर समुदायको बाहुल्यता रहेको निस्कोटमा लोपोन्मुख यानीमाया, सुनीमाया, सालैजोजस्ता गीत सुन्न पाइन्छ।

ताल मुख्य आकर्षणको रुपमा रहेको निस्कोटमा पछिल्लो समय स्वदेशी पर्यटक भ्रमण गर्न पुग्ने गरेका छन् । तालको पर्यटन प्रवर्द्धन गर्न यहाँको जैविक विविधताको संरक्षण गरी पर्यावरणीय शुद्धता कायम गर्न पालिकामार्फत आवश्यक पहल गरिने वडाध्यक्ष पुनले बताउनुभयो।

# नेपालीसँगै हिन्दी भाषामा 'परस्त्री'

रासस
काठमाडौं, २३ बैशाख

पछिल्लो समय नेपाली चलचित्र विदेशी भाषामा स्वराङ्कन भएर प्रदर्शन हुने क्रम बढेको छ।

गतवर्ष 'प्रेम गीत ३' को प्रदर्शन हिन्दी भाषामा भएसँगै अन्य निर्माताले छिमेकी राष्ट्र भारतमा नेपाली चलचित्रको बजार विस्तार गर्न प्रयास गरिरहेका छन्। अभिनेता हुँदै निर्देशक बन्नुभएका सुरज पाण्डेले आफ्नो पहिलो निर्देशकीय चलचित्र 'परस्त्री' को प्रदर्शन हिन्दी भाषामा गरिने जानकारी दिनुभयो। "हामीले भारतमा बजार पाउन सक्यौं भने हाम्रो निर्माणमा अझै भव्यता थप पाउनेछौं। हामीले विदेशी भाषामा चलचित्र ल्याएर दर्शक बढाउने प्रयास र 'ओभर दी टप' (ओटिटी) प्लेटफर्ममा सम्भावना खोजिरहेका छौं", निर्देशक पाण्डेले भन्नुभयो।

आगामी असार १५ गतेबाट प्रदर्शनमा आउने चलचित्रमा कलाकार कोसिस क्षेत्री, शिल्पा मास्के, गौरव विष्ट, अलिसा क्षेत्री, आशान्त शमाले अभिनय गर्नुभएको छ। विवाहेत्तर सम्बन्धले निम्त्याउने पारिवारिक र सामाजिक सङ्कटको कथावस्तुमा निर्माण भएको चलचित्रको प्राविधिक कार्य भारतकै मुम्बईमा भइरहेको छ। डीएस डिजिटलको ब्यानरमा निर्माण भएको सिनेमामा शर्मिला पाण्डे र दीपेन्द्र के खनालले निर्माणमा सहकार्य गर्नुभएको छ। हिन्दी भाषामा नेपाली चलचित्रले दर्शक पाएमा यहाँ निर्माणका लागि बजेट समेत भित्रिने वितरक करण श्रेष्ठको भनाइ छ।

"हामी कहाँ हिन्दी भाषामा बन्ने चलचित्रको बजार राम्रो छ। यद्यपि भारतमा हामीले नेपाली चलचित्रलाई राम्रोसँग प्रदर्शन गर्न सकिरहेका छैनौं। विस्तार भइरहेको प्रयाशले पक्कै एक दिन सफलता दिनेछ", वितरक श्रेष्ठले भन्नुभयो।

# झरना अवलोकन गर्ने क्रममा चिप्लिएर एकको मृत्यु

रासस
म्याग्दी, २३ बैशाख

अन्नपूर्ण गाउँपालिका-३ मा रहेको रुप्से झरना अवलोकन गर्ने क्रममा चिप्लिएर शनिबार एक जनाको मृत्यु भएको छ।

काठमाडौँको बुढानीलकण्ठ नगरपालिका-१ चपली बस्ने ५६ वर्षीय वसन्त भण्डारीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कार्यालयका प्रहरी निरीक्षक किरण लामाका अनुसार दुइ गाबाट चिप्लिएर ३० मिटर तल खस्दा टाउकोमा चोट लागेर गम्भीर घाइते भएका भण्डारीलाई बेनी अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको थियो।

बेनी-जोमसोम सडकअन्तर्गत पर्ने रुप्से झरना अवलोकन गर्ने क्रममा भण्डारी टेकेको ढुङ्गाबाट चिप्लिएर खस्नुभएको थियो।

